नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरवार, काठमाडौं

# सूचना

यातायात व्यवस्थापन सम्बन्धी विभिन्न मागहरु राखी हिजो मिति २०८०/०३/१४ मा ट्याक्सी, ट्रक र ट्र्यांकर चालकहरुले गरेको प्रदर्शनका सम्बन्धमा यस मन्त्रालयको ध्यानाकर्षण भएको छ। यसै सन्दर्भमा काठमाण्डौं उपत्यकामा सार्वजनिक यातायात क्षेत्रका गुनासाहरुलाई आपसी समझदारीमा समाधान गर्ने उद्देश्यले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्रीज्यू र बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्रालयका माननीय मन्त्रीज्यूबीच छलफल भै निर्देशन भए अनुसार सम्बन्धित व्यवसायीहरुसंग छलफल गरी समस्या समाधान गर्न निम्नानुसारको कार्यदल गठन भएको जानकारी गराइन्छ। समस्या समाधानका लागि गठित समितिसंग आवश्यक संवाद तथा छलफलका लागि आन्दोलनरत ट्याक्सी, ट्रक र ट्याङ्कर व्यवसायीहरुलाई यसै सूचनाबाट आग्रह गरिन्छ।

तपसीलः

| | | |
|---|---|---|
| सह-सचिव श्री अर्जुनजंग थापा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | - | संयोजक |
| महानिर्देशक श्री नारायण प्रसाद भट्टराई, यातायात व्यवस्था विभाग | - | सदस्य |
| प्रदेश सचिव श्री आस्मान तामाङ्ग, श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश | - | सदस्य |
| व.प्र.उ. श्री राजेन्द्र प्रसाद भट्ट, काठमाण्डौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, पुतलीसडक | - | सदस्य |

०८०/०३/१५